NRNA
Non-Resident Nepali Association

गैरआवासीय नेपाली संघ

११ औँ अन्तर्राष्ट्रिय महाधिवेशन

१७-२० अक्टोबर २०२३

महासचिवद्वय गौरीराज जोशी र डा केशव पौडेलद्वारा प्रस्तुत

# प्रगति विवरण





२०२१-२०२३

आदरणीय अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिज्यूहरु
सम्पूर्णमा नमस्कार

सन् २०२३ अक्टोबर १७- २० सम्म आयोजना हुन लागेको गैरआवासीय नेपाली संघको ११ औँ अन्तर्राष्ट्रिय महाधिवेशनका लागि महासचिवको प्रगति प्रतिवेदन पेश गरेका छौँ । सन् २००३ अगष्टमा लण्डनमा सम्पन्न गैरआवासीय नेपालीहरुको एक भेलामा व्यापक छलफल भई सोही वर्षको ११ अक्टोवरमा काठमाडौंमा पहिलो विश्व सम्मेलन आयोजना गरी स्थापना गरिएको गैरआवासीय नेपाली संघले बीस वर्ष पूरा गरेको छ। हाम्रा अग्रजहरुको अथक प्रयास र समर्पणले गैरआवासीय नेपाली संघ देश विदेशमा बस्ने नेपालीका लागि आशा र भरोसाको केन्द्र बन्दै आएको छ। "नेपालीका लागि नेपाली" भन्ने मुल मन्त्र बोकेर आफ्नो स्थापनाको दुई दशक पूरा गर्दा एनआरएनएले आफूलाई बृहत बनाउँदै लगेको छ। स्थापनाको २० वर्षको अवधिमै ८६ देशमा औपचारिक सञ्जालको विस्तार गरेर बाहिर बस्ने नेपाली समुदायलाई एउटै मालामा जोड्न सफल भएको छ। विशेष परिस्थितिमाभ्र सम्पन्न संघको १० औं महाधिवेशनबाट कुल आचार्य, रबिना थापा र डा बद्री केसीको नेतृत्वको कार्यसमितिले मिति २८ मार्च २०२२ देखि कार्यकाल सुरु गरेको थियो। १० औं अन्तर्राष्ट्रिय महाधिवेशन पश्चात सहमतिको आधारमा निर्वाचित भएको अन्तर्राष्ट्रिय समन्वय परिषद्बाट यस कार्यकालमा निकै नै महत्वपूर्ण कार्यहरु सम्पन्न भएका छन्। गैरआवासीय नेपाली संघ स्थापनादेखि नै मुख्य रुपमा उठान गरिएका माग तथा मुद्दाहरुमध्ये गैरआवासीय नेपाली नागरिकता, वैदेशिक रोजगारी तथा विदेशमा स्वरोजगारमा रहेका श्रमिकलाई योगदानमा आधारिक सामाजिक सुरक्षा कोष योजना, लगानी प्रवर्द्धन, विदेशमा बस्ने नेपालीको मताधिकारको अधिकार र धितोपत्रमा विदेशबाटै कारोबार गर्ने प्रक्रियाको सुरुवात भएको छ। शिक्षा तथा स्वास्थ्य, कला साहित्य तथा पर्यटन, उद्योग तथा सञ्चार, उर्जा लगायत खेलकुद, युवा तथा महिला सशक्तिकरणका लागि महत्वपूर्ण कार्यहरु भएका छन्। संघका मेघा प्रोजेक्टहरुको प्रगति उल्लेख्य छ। बाँकी केही प्रतिबद्धताहरु पूरा हुने चरणमा छन्। २०२१-२०२३ कार्यकालमा गरेका महत्वपूर्ण कामहरुको सारांश यहाँ प्रस्तुत गरेका छौँ।

भवदीय,

महासचिव
गौरीराज जोशी

डा केशव पौडेल

गैरआवासीय नेपाली संघ

२० अक्टोबर २०२३

# १ गैरआवासीय नेपाली नागरिकता उल्लेख्य उपलब्धि

गैरआवासीय नेपाली संघले आफ्नो स्थापनाको २० औँ वर्षगाँठ मनाइरहँदा स्थापना कालदेखिका माग तथा मुद्दाहरु क्रमशः सम्बोधन हुने क्रम जारी छ। यसबीचमा सबैभन्दा ठूलो उपलब्धी अर्थात विदेशमा बस्ने नेपालीका लागि सरकारले गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने कानूनी बाटो खोलेको छ।

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले 'नेपाल नागरिकता ऐन, २०६३' लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण गरेसँगै 'नेपालको संविधान २०७२' ले प्रदत्त गरेको आर्थिक सामाजिक र सांस्कृतिक अधिकारसहितको 'गैरआवासीय नेपाली नागरिकता' प्राप्त गर्ने मार्ग प्रशस्त भयो। नेपाल नागरिकताा ऐन, २०६३ लाई संशोधन गर्न बनेको ऐन तथा नियमावलीको समेत निर्माण सम्पन्न भई कार्यान्वयनको सुरुवाती चरणमा छ। यस ऐतिहासिक उपलब्धि हासिल गर्न मुख्य भूमिका निर्वाह गर्नुहुने नेपाल सरकारका सम्माननीय प्रधानमन्त्री ज्यू, प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू, मन्त्रीज्यूहरु, सांसदज्यूहरु, नेपाल सरकारका मुख्य सचिवज्यू, सचिवज्यूहरु, सम्पूर्ण राजनीतिक दल लगायत कानूनविद्, सरोकारवाला, सञ्चारकर्मी एवं गैरआवासीय नेपाली संघका संस्थापकदेखि हालसम्मका पदाधिकारी तथा अभियन्ताहरु, नागरिकता निरन्तरता कार्यदलका प्रमुख तथा सदस्यहरु लगायत यस अभियानमा सहयोग गर्नुहुने सम्पूर्ण कृतज्ञताको पात्र हुनुहुन्छ। गैरआवासीय नेपाली नागरिकताका लागि यस कार्यसमितिद्वारा विशेष कार्यदल गठन गरी पटक-पटक सरकार र सरोकारवालासँग भेटघाट तथा छलफल सम्पन्न गरिएको थियो।

## २ वैदेशिक रोजगार तथा विदेशमा स्वरोजगारमा रहेकालाई सामाजिक सुरक्षा योजना शुभारम्भ

वैदेशिक रोजगार तथा विदेशमा स्वरोजगारमा रहेकालाई सामाजिक सुरक्षा योजना लागू गर्न २०२१-२०२३ कार्यकालको भूमिका अहम् रह्यो । गैरआवासीय नेपाली संघले आफ्नो स्थापनाकालदेखि नै माग गर्दै आएको श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा समेट्नुपर्ने माग सरकारले सम्बोधन गरेको छ । हजारे योजनाको अवधारणामा सुत्रपात भएको योजनालाई संघकै पहलमा सरकारले वैदेशिक रोजगारीमा गएका र विदेशमा स्वरोजगारमा रहेकालाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्ध गर्न थालेको छ। २०७९ चैत ८ गतेदेखि सुरु यस योजनामा विदेशमा रहेका साढे ३ लाख बढी आबद्ध भइसकेका छन् । श्रमिकको हकहितको लागि नेपाल सरकार तथा सरोकारवालासँग संघले निरन्तर पैरवी गरिरहेको छ।

## ३ विदेशमा बस्ने नेपालीको मताधिकारको अधिकार सुनिश्चित



गैरआवासीय नेपाली संघले लामो समयदेखि माग गर्दै आएको विदेशमा बस्ने नेपालीको मताधिकारको अधिकारको माग २०२१-२०२३ को कार्यकालमा आएर सम्बोधन भएको छ। नेपालको सर्वोच्च अदालतको आदेशले विदेशमा बस्ने नेपालीको मताधिकारको अधिकार सुनिश्चित गरेको छ भने निर्वाचन आयोगले विदेशमा रहेका नेपालीहरुको मताधिकारको अधिकार कार्यान्वयनको लागि ऐन निर्माण लगायतका सम्पूर्ण प्रक्रिया अघि बढाइसकेको छ। आयोगले गैरआवासीय नेपाली संघको सहकार्यमा विदेशमै पुगेर मतदाता नामावली संकलनको तयारी गरिरहेको छ जसमा गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय समन्वय परिषद र  राष्ट्रिय समन्वय परिषद्ले सरकारलाई सहजीकरण गर्नेछन्।

## ४ धितोपत्रमा विदेशबाटै कारोबार गर्ने प्रक्रिया सुरु

विदेशमा रहेका नेपालीहरुलाई धितोपत्र बजारमा कारोबार गर्ने प्रक्रिया सुरु भएको छ। जसका लागि नेपाल सरकारबाट स्वीकृति प्राप्त भइ हाल धितोपत्र बोर्डले राष्ट्र बैंकको सहमतिसहित निर्देशिका बनाउने क्रममा छ। उक्त निर्देशिका जारी भएपश्चात नेपाल सरकार र गैर आवासीय नेपालीको संयुक्त लगानीमा स्थापना भएको इन्भेष्टमेन्ट कम्पनीले गैरआवासीय नेपालीलाई लक्षित गरी विदेशी मुद्रामा भुक्तानी हुने गरी धितोपत्र जारी गरिनेछ।

यस्तै गैरआवासीय नेपालीलाई विदेशी मुद्रामै पूर्ण रुपले लगानी फिर्ता गर्न सहिने गरी मुद्दती र वचत निक्षेपमा खाता खोल्ने सुविधा समेत प्रदान गरिएको छ।

## ५ मेगा परियोजनाहरू

यस कार्यकालमा मेघा परियोजना अन्तर्गत देहायका मुख्य गतिविधिहरु सञ्चालन भएका छन् :

५.१ **मोबाइल ब्लड बस परियोजना :** यस परियोजना अन्तर्गत कोशी प्रदेशको धरान, मधेश प्रदेशको जनकपुर, लुम्बिनी प्रदेशको नेपालगञ्जमा मोबाइल ब्लड बस हस्तान्तरण गरिएको छ। यस परियोजनाका लागि विभिन्न राष्ट्रिय समन्वय परिषद्हरु, अन्तर्राष्ट्रिय समन्वय परिषद र गैरआवासीय नेपाली अभियन्ताहरुले आर्थिक सहयोग गरेका छन्।

५.२ **स्मार्ट सार्वजनिक शौचालय, चमेना गृह र बगैँचा निर्माण :** गैरआवासीय नेपाली संघको आर्थिक सहयोगमा पोखरा महानगरपालिका वडा नं.९ महेन्द्रपुलमा स्मार्ट सार्वजनिक शौचालय, चमेना गृह, र बगैंचा निर्माण सम्पन्न भएको छ। यस कार्यको लागि अन्तर्राष्ट्रिय

समन्वय परिषद, राष्ट्रिय समन्वय परिषद्हरु र गैरआवासीय नेपाली अभियन्ताहरुले आर्थिक सहयोग गरेका छन्। यस्तै, उदयपुरको गाईघाटमा २ वटा घुम्ती शौचालय निर्माण सम्पन्न गरी हस्तान्तरण गरिएको छ।

## ५.३ नेपाल डेभलप्मेन्ट फण्ड लिमिटेडको उल्लेख्य प्रगति

नेपाल डेभलप्मेन्ट फण्ड लिमिटेडले लगानीका क्षेत्रमा विभिन्न कानूनी सुधारहरुका लागि गरेका पहलहरुमध्ये केही महत्वपूर्ण पहल सफल भएका छन् । उद्योग, तथा वाणिज्य आपूर्ति मन्त्रालयबाट निम्नानुसारको व्यवस्था गरेको छ।

५.३.१)नेपाल सरकारको औधोगिक व्यवसाय ऐन, २०७६ को अनुसूची ८ को क्रमसंख्या ६५ मा उल्लिखित लगानी (इन्भेष्टमेन्ट) कम्पनी स्थापना गर्दा पालना गर्नपर्ने विषय तथा शर्त अन्तर्गत ४ को (ख) मा नेपाल सरकार र गैरआवासीय नेपालीको संयुक्त लगानीमा स्थापना भएको इन्भेष्टमेन्ट कम्पनीले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ ले अनुमति दिएका क्षेत्रहरुमा प्रति परियोजना कम्तीमा दश करोड नेपाली रुपैंया भन्दा कम नहुने गरी लगानी गर्न सक्ने निर्णय गरिएको छ।

५.३. २) लगानी (इन्भेष्टमेन्ट) कम्पनी स्थापना गर्दा पालना गर्नपर्ने विषय तथा शर्त अन्तर्गत ४ को (ङ) मा नेपाल सरकार र गैरआवासीय नेपालीको संयुक्त लगानीमा स्थापना हुने इन्भेष्टमेन्ट कम्पनीमा लगानी गर्ने गैरआवासीय नेपालीको लगानी विवरण र आवश्यक कागजात सहित कम्पनीले नै लगानीकर्ताको नामबाट विदेशी लगानी स्वीकृत गराउन सक्ने निर्णय गरिएको छ।

५.३.३) **संयुक्त लगानीमा स्थापना भएको इन्भेष्टमेन्ट कम्पनीले जारी गर्ने धितोपत्रः**- ( ४१. ख ) मा, नेपाल सरकार र गैर आवासीय नेपालीको संयुक्त लगानीमा प्रचलित कानून बमोजिम स्थापना भएको इन्भेष्टमेन्ट कम्पनीले विदेशी नागरिकता वा कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र प्राप्त गैर आवासीय नेपालीको लागि मात्र नेपाल राष्ट्र बैंकको स्वीकृति लिई पूर्वाधारसम्बन्धी परियोजनाहरूमा शेयर, वण्ड र डिवेन्चरमा लगानी गर्न पाउने र विदेशी मुद्रामा समेत भुक्तानी हुने गरी नियमानुसार धितोपत्र निष्काशन गर्न सक्नेछ। यसप्रकारको विदेशी मुद्राको शेयर, वण्ड वा डिवेन्चरमा लगानी गर्ने गरी निष्काशन गरिएको धितोपत्रको

कारोवार विदेशी नागरिकता प्राप्त वा कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र प्राप्त गैर आवासीय नेपालीबीच मात्र हुनेछ। (२) उपनियम (१) बमोजिम धितोपत्र निष्काशन तथा कारोवार सम्वन्धी अन्य व्यवस्था निर्देशिकामा तोकिए बमोजिम हुनेछ भनि व्यवस्था गरिएको छ।

५.३.४) नेपाल डेभलप्मेन्ट फण्ड लिमिटेडले  नेपाल सरकार, विकासका साझेदार तथा दातृ निकाय, बैंक तथा वित्तिय संस्था लगायतसँग मिलेर 'Software Development, Diaspora Investment Information Management System Nepal' निर्माणको चरणमा रहेको छ।

५.४. **अक्सिजन प्लान्ट :** संघले गैरआवासीय नेपाली दिवसको अवसर पारेर ४ वटा अक्सिजन प्लान्ट बागमती प्रदेशको भरतपुर अस्पताल, कर्णाली प्रदेशको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, सुदुरपश्चिम प्रदेशको सेती प्रादेशिक अस्पताल र महाकाली प्रदेशमा उपलब्ध गराएको छ।

# ६ स्मार्ट एनआरएनए




गैरआवासीय नेपाली संघलाई अत्याधुनिक डिजिटल प्रविधियुक्त बनाउन स्मार्ट एनआरएको योजना थप सशक्त रुपमा अघि बढेको छ। संघका सम्पूर्ण गतिविधिलाई 'एनआरएनए एप्स'मा समेटिएको छ। ।एप्समार्फत संघका सम्पूर्ण सदस्यको इलेक्ट्रोनिक डाटाबेस तयार गरिएको छ। सदस्यहरुमा मात्र सिमित रहेको यो एप्सलाई सबै गैरआवासीय नेपालीहरु सम्म पुऱ्याइएको छ।  फेस भेरिफिकेसनको प्रयोग गरी अनलाइनबाट  ८ वटा राष्ट्रिय समन्वय परिषद्को निर्वाचन समेत सम्पन्न भएको छ।

## ७ सूचना, सञ्चार, प्रकाशन, संस्कृति, सम्पदा, साहित्य तथा पुरस्कार

त्रैमासिक न्युज लेटर प्रकाशन, अध्यक्षको मासिक प्रतिवेदन, क्षेत्रीय तथा विज्ञ सम्मेलन लक्षित बुलेटिन प्रकाशन गरिएको छ। यस्तै ,संघको वेभसाइट र फेसबुक लगायत सामाजिक सञ्जालको प्रभावकारी परिचालन भएको छ। डायस्पोरामा नेपाली संस्कृति र सम्पदा पुस्तक प्रकाशन गरिएको छ । यस पुस्तकले विभिन्न देशका मुख्य शहरमा नेपालीहरुले नेपाल चिनाउन गरेका गतिविधीहरुलाई संक्षिप्त रूपमा समेटिएको छ । त्यस्तै गरी संस्कृति तथा सम्पदा समितीको सहप्रकाशकमा लकडाउनको डायरी पुस्तक पनि प्रकाशित भएको छ । यसमा कोरोनाले पारेका प्रत्यक्ष असर, र तत् समयको अनुभूतिहरु समेटिएका छन्। अरनिको अन्तर्राष्ट्रिय पुरस्कार - २०७८ चेतनाथ आचार्यलाई प्रदान गरिएको छ। पूर्व कोषध्यक्ष हिक्मत थापाको अध्यक्षतामा रहेको अरनिको पुरस्कार व्यवस्थापन समितिले विसं २०७८ भरीमा प्रकाशित भएका गैरआवासीय नेपाली लेखकका कृतिहरूमध्ये चीनमा स्थायी बसोवास गर्ने साहित्यकार चेतनाथ आचार्यद्वारा लिखित 'रुइबा' नामक कृतिलाई उत्कृष्ट ठहर गरी वर्ष २०७८ को 'अरनिको अन्तर्राष्ट्रिय पुरस्कार' प्रदान गरेको हो । राष्ट्रपति निवास शितल निवासमा आयोजित विशेष समारोहमा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले पुरस्कृत कृति 'रूइबा'का लेखक चेतनाथ अधिकारीलाई दुई लाख रुपैयाँ राशीको पुरस्कार प्रदान गर्नुभएको थियो।

## ८ परोपकारी कार्यहरू

विदेशस्थित अधिकांश देशमा रहेका नेपालीले संघमार्फत सामूहिक तथा व्यक्तिगत रूपमा सामाजिक र परोपकारी कार्यमा पनि उत्तिकै सक्रिय भइरहेका छन्। तीमध्ये संघबाट भएका मुख्य परोपकारी कार्यको सारांश निम्नानुसार छ।

## ८.१ गैरआवासीय नेपालीको प्रतिबद्धता एक सडक बाबालिकाको सहायता परियोजना

गैरआवासीय नेपाली संघको महिला विभागले नेपालमा खुल्ला आकाशमुनी रात बिताउन बाध्य बेसाहारा सडक बालबालिकालाई संरक्षकत्व दिँदै उनीहरुको लालन-पालन देखि शिक्षा-दिक्षा समेत दिन गैरआवासीय नेपालीको प्रतिबद्धता एक सडक बाबालिकाको सहायता परियोजना सुरु गरेको छ।

महिला विभागको मुख्य नेतृत्वमा आर्थिक सहयोग संकलन गरेर हाल पहिलो चरणमा ५० जना सडक बालिकालाई उद्धार तथा सहयोगको लागि राष्ट्रिय बाल अधिकार परिषद् र न्युनतम् सुविधाविहिन बालबालिकाका लागि शैक्षिक कार्यक्रम नेपाल (यूसेफ नेपाल) सँग सम्झौता पत्रमा हस्ताक्षर गरि उद्धारका कार्यहरु अघि बढी रहेको छ। यस कार्यका लागि विभिन्न राष्ट्रिय समन्वय परिषद्हरु र गैरआवासीय नेपाली अभियन्ताहरुबाट करिब २२ लाख रुपैयाँ आर्थिक सहयोग स्वरुप प्राप्त भइसकेको छ। जसअन्तर्गत पहिलो चरणमा यूसेफ नेपाललाई ७ लाख रुपैयाँ प्रदान गरिसकिएको छ।

## ८.२ बेत्रेश्वरी आधारभूत विद्यालयको नवनिर्मित भवन हस्तान्तरण

गैरआवासीय नेपाली संघ तथा आईओडब्लुए अमेरिकाको संयुक्त आयोजनामा निर्मित श्री बेत्रेश्वरी आधारभूत विद्यालयको नवनिर्मित भवन हस्तान्तरण गरिएको छ । आईओडब्लु अमेरिकाको आर्थिक सहयोग, मास कन्सल्ट प्रालिको प्राविधिक सहयोग तथा गैरआवासीय नेपाली संघको संयोजनमा उक्त विद्यालय भवनको निर्माण गरिएको थियो। कार्यक्रममा संघका अध्यक्षसहितका पदाधिकारीहरुको उपस्थितिमा ४० जना विद्यार्थीहरुलाई शैक्षिक सामाग्री पनि वितरण गरिएको थियो।

## ८.३ 'मेक इन नेपाल' र 'स्थानीय नवप्रवर्तन' को अवधारणाअन्तर्गत राष्ट्रिय आविष्कार केन्द्र सहयोग

सामाजिक साझेदारीको अवधारणाअन्तर्गत संघले गोरखा भूकम्पपछिको पुन:निर्माणका क्रममा सुरु गरेको लाप्राक नमुना बस्ती विकास आयोजनाका लागि खरिद गरिएका निर्माण उपकरण, औजार र सवारी साधन केन्द्रलाई सहयोगस्वरुप राष्ट्रिय आविष्कार केन्द्रलाई रु ६३ लाख बराबरको सहयोग सामग्री हस्तान्तरण गरिएको छ। राष्ट्रिय आविष्कार केन्द्रको सहयोगका लागि 'मेक इन नेपाल' र 'स्थानीय नवप्रवर्तन' को अवधारणाअन्तर्गत संघ तथा संघका अभियन्ताले व्यक्तिगत रुपमा आर्थिक सहयोग गर्दै आएका छन्।

## ८.४ पशुपति वृद्धाश्रमका वृद्धबवद्धाहरुलाई न्यानो कपडा वितरण

गैरआवासीय नेपाली संघको परोपकारी कार्य अन्तर्गत समाज कल्याण केन्द्र पशुपति वृद्धाश्रममा रहेका वृद्धलाई न्यानो कपडा वितरण गरिएको छ। ९४ जना वृद्धवृद्धा र १४ कर्मचरीलाई न्यानो कपडा वितरण गरिएको हो । यसका साथै पशुपति क्षेत्रमा एक सुविधा सम्पन्न १ सय शैय्याको आधुनिक वृद्धाश्रम निर्माणका लागि हाम्रो पहल जारी छ।

## ८.५ ) परोपकार विविध

- एनसीसी हङकंगको सहयोगार्थमा १० थान अक्सिजन कन्सन्ट्रेटर र ९३ हजार सर्जिकल मास्क भरतपुर महानगरपालिका र ट्राफिक कार्यालय भरतपुरलाई हस्तान्तरण।
- एनसीसी हङकंगको सहयोगार्थमा अक्सिजन कन्सन्ट्रेटर र सर्जिकल मास्क पोखरा महानगरपालिकालाई हस्तान्तरण।
- एनसीसी हङकंगको सहयोगार्थमा ७ थान अक्सिजन कन्सट्रेटर र २४ हजार थान सर्जिकल मास्क म्याग्दी जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई हस्तान्तरण।
- एनसीसी जापानको पहलमा रक्तदान कार्यक्रमको आयोजना । उक्त कार्यक्रममा संघका अध्यक्ष डा. बद्री केसी लगायत करीब ३० जना व्यक्तिहरुले रक्तदान गरेका थिए।
- अध्यक्ष रविना थापा लगायतका प्रतिनिधिहरुद्वारा कास्की जिल्ला पत्रकार महासंघलाई रु १ लाख बराबरको स्वास्थ्य सुरक्षा सम्बन्धी सामाग्रीहरु हस्तान्तरण।
- चितवन जिल्लाको राप्ति नगरपालिकालाई ३ थान कन्सन्ट्रेटर र ६००० थान मास्क हस्तान्तरण।
- एनसीसी सेशेल्सको सहयोगमा बागलुङका मिर्गौला पिडित मान बहादुर थापालाई गरु. १, ४५, ८००./- (एक लाख पैतालिस हजार आठ सय रुपैयाँ ) को सहयोगको रकम हस्तान्तरण।
- कैलाली उद्योग वाणिज्य संघ र डोटी उद्योग वाणिज्य संघको सहकार्यमा डोटीका भूकम्पबाटै प्रभावित भएका परिवारलाई रु ३ लाख ५० हजार बराबरको राहत सामाग्री वितरण।

## ९ आर्थिक पारदर्शिता

संस्थामा आर्थिक पारदर्शिता कायम गर्न, साप्ताहिक बैठक बस्ने र साताभरि भएका गतिविधि जानकारी गराउने कार्यको थालनी भएको छ। मासिक, त्रैमासिक र वार्षिक आर्थिक प्रतिवेदन प्रकाशन गरिएको छ। पारदर्शिताका लागि सम्पूर्ण आइसीसी तथा एनसीसी पदाधिकारी एवं अन्य सदस्यलाई सार्वजनिक रुपमै जानकारी गराइएको छ। आन्तरिक र बाह्य लेखा परिक्षकमार्फत आर्थिक पारदर्शितालाई चुस्त-दुरुस्त राखिएको छ। आर्थिक कारोबार र गतिविधिको प्रतिवेदन संस्थाको आधिकारिक वेभसाइट र सामाजिक सञ्जालमार्फत पनि सार्वजनिक गरिएको छ।

## १० डायस्पोरा कनेक्शन- प्रगति र दिगोपनको लागि सामाजिक सहकार्य योजना २.० योजना

गैरआवासीय नेपाली संघले "डायस्पोरा कनेक्शन- प्रगति र दिगोपनको लागि सामाजिक सहकार्य योजना २.० योजना सुरु गरेको छ। गैरआवासीय नेपाली संघका कोषाध्यक्ष फणिन्द्र पन्तको नेतृत्वमा योजना कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय बजारीकरण समिति गठन गरिएको छ। समितिमा करिब २५ बर्ष देखि क्यानडामा प्राध्यापन गरिरहनुभएका Chartered Marketer (CM) तथा Nepalese Marketing Association (NMA) संथापक तथा अन्तर्राष्ट्रिय सल्लाहकार तुल्सी धरेल संयोजक नियुक्त हुनुभएको छ। प्रगति र दिगोपनको लागि सामाजिक सहकार्य योजना २.० योजना अन्तर्गत ८७ देशमा अन्तर्राष्ट्रिय समन्वय परिषद्, राष्ट्रिय समन्वय परिषद् लगायत अन्य वित्तिय र गैरनाफामुलक साझेदारहरुसँग सहकार्य र साझेदारी गरी सन् २०२५ सम्म संस्थाको लागि वार्षिक एक अरब रुपैयाँको सामूहिक आर्थिक लाभ उठाउने लक्ष्य राखेका छौं। संस्थागत प्रगति र दिगोपनको लागि यो एक रणनीतिक पहल पनि हो। नेपाली डायस्पोरामा लगानी प्रवर्द्धन गर्न दिगो विकासको लक्ष्य पूरा गर्न र संस्थाको वित्तीय दिगोपनको साथै सामाजिक-आर्थिक विकासका लागि यो योजना कोशेढुंगा हुने हाम्रो विश्वास छ।

# ११ एनआरएनए फाउन्डेशन दर्ता

विश्वभर फैलिएका नेपालीले गर्ने परोपकारी कार्यलाई एकीकृत, अझ प्रभावकारी र पारदर्शी बनाउने उद्देश्यले स्थापना भएको एनआरएनए फाउन्डेशन दर्ता गरिएको छ । विधानमा व्यवस्था भए अनुसार एनआरएनए फाउण्डेशनको स्थापना भएको थियो ।

# १२ नेपाल पर्यटन प्रवर्द्धन

गैरआवासीय नेपाली संघले नेपालको पर्यटन प्रबर्द्धनमा नेपाल सरकार तथा सरोकारवाला निकायहरुसँग सहकार्य तथा समन्वय गरी आफ्ना गतिविधिहरु सञ्चालन गरिरहेको छ। नेपाललाई विश्वमा चिनाउनको लागि यस समितिले अष्ट्रेलिया, युरोप, एसिया लगायतका क्षेत्रहरुमा नेपाल महोत्सव तथा मेलाको आयोजनाका लागि सहयोग गर्दै आएको छ। साथै विदेशबाट अत्याधिक संख्यमा पर्यटकहरु भित्र्याउनका लागि विदेशका विभिन्न मुलुकमा प्रचार प्रसार गर्ने कार्य गरिरहेको छ।

# १३ महिला र युवा, तथा खेलकुद गतिविधि

गैरआवासीय नेपाली संघको महिला विभागको नेतृत्वमा विभिन्न कामहरु भएका छन् । विभागकै नेतृत्वमा सहक बालबालिकालाई संरक्षकत्व प्रदान गर्न नेपाल सरकार र सरोकारवालासँग सम्भौता भई काम भइरहेको छ । महिला विभाग अन्तर्गतको महिला स्वास्थ्य तथा शिक्षा कार्यदलले नेपाल र विदेशमा रहेका स्वास्थ्य विज्ञहरुको सहभागितामा मानसिक स्वास्थ्य, आत्महत्या नियन्त्रण अभियान, महिला तथा बालबालिका स्वास्थ्य लक्षित विभिन्न वेभिनारहरु सम्पन्न भएका छन् ।

यस्तै युवा विभागले पनि विश्वभरका युवा लक्षित विभिन्न कार्यहरु अघि बढाएको छ । विशेषतः नेपालको खेलकुद प्रवर्द्धनको लागि नेपाल सरकार र विभिन्न सरोकारवालाहरुसँग सहकार्य तथा समन्वय गरी आफ्ना गतिविधिहरु अगाडी बढाई रहेको छ । पोखरामा आयोजना गरिएको ९औं राष्ट्रिय खेलकुद प्रतियोगितामा विदेशमा रहेका खेलाडीहरुले समेत एनआरएनएको प्रतिनिधित्व गरेर सहभागिता जनाएका थिए । उक्त प्रतियोगितामा संघको विभागीय टोलीले १० स्वर्ण ९ रजत र ७ कास्य गरी कुल २६ पदक हासिल गरेको थियो ।

# १४ ज्ञान तथा प्रविधि



गैरआवासीय नेपालीहरुले आर्जन गरेको ज्ञान, सीप र प्रविधि भित्र्याउने वातावरण तयार गर्न एउटा छुट्टै विभागको गठन गरिएको छ । एनआरएनए पेशागत तथा प्राज्ञिक इकाई गठन गरी संसार भरका पेशागत गैरआवासीय नेपालीहरु विशेषतः डाक्टर, नर्स, इन्जिनियर्स, वैज्ञानिक, प्राज्ञ, सोधकर्ता लगायतलाई एकबद्द विभिन्न कार्यक्रम भएका छन् । स्वास्थ्य समितिको नेतृत्वमा अष्ट्रेलियाको सिड्नीमा चौथो ग्लोबल नेपाली हेल्थ कन्फरेन्स सम्पन्न गरिएको छ ।

पहिलो अमेरिकी क्षेत्रीय नेपाली स्वास्थ्य सम्मेलनले स्वास्थ्यकर्मीहरूलाई नेटवर्किङ र सहकार्यको महत्वबारे उत्साहजनक सन्देश दिन सफल भयो । अमेरिकाको टेक्ससको अर्बिङ शहरका नगर प्रमुख ओस्कर वार्डले सम्मेलनलाई नेपाली स्वास्थ्य दिवसको घोषणा समेत गर्नुभयो । यस्तै, जापानको टोकियोमा सम्पन्न पाँचौं विश्व नेपाली स्वास्थ्य सम्मेलन अत्यन्तै सफल रह्यो । यस्तै स्वास्थ्य समितिको नेतृत्वमै विश्वका विभिन्न क्षेत्र र नेपालमा १० स्वास्थ्य शिविरहरु, ३० भन्दा बढी भर्चुअल सेमिनारहरू र नेपालीको स्वास्थ्य सुधारका लागि विज्ञ परामर्श लगायतका कार्यहरु सम्पन्न भएका छन् ।

संघले सफलतापूर्वक दुई विश्व ज्ञान सम्मेलन सम्पन्न गरिसकेको सन्दर्भमा यसै कार्यकालमा तेस्रो विश्व ज्ञान सम्मेलन आयोजना यही अक्टोबर १७ देखि १८ मा सम्पन्न गरिएको छ ।

## १५ दोस्रो पुस्ताका गैरआवासीय नेपालीलाई प्रोत्साहन

दोस्रो पुस्ताका गैरआवासीय नेपालीको प्रतिभा स्वदेशमा प्रदर्शनदेखि एनआरएनए दि सिंगर, एनआरएनए सिंगिङ आइडल,अरनिको साहित्यिक पुरस्कार,वतृत्वकला, विभिन्न रियालिटी शो, लगायत नेपालमै ल्याएर सञ्चालन गर्नु र विदेशमा पनि दोस्रो पुस्तालाई सामाजिक र सांस्कृतिक रुपमा जोडेर राख्न विभिन्न पहल भइरहेका छन् । नेपाल लगायत विश्वका कयौं मुलुकमा संघका राष्ट्रिय समन्वय परिषद्मार्फत  नेपाल फेष्टिबल, संस्कृति आदानप्रदानप्रदान कार्यक्रम मार्फत नेपाललाई विश्व समुदायसँग जोड्ने काममा महत्वपूर्ण उपलब्धि हासिल छ ।  यस्तै दोस्रो पुस्ताका गैरआवासीय नेपालीसहित थाइल्याण्ड, म्यानमार लगायतका स्थानबाट “मेरो भ्वाइस युनिभर्स र मेरो डान्स युनिभर्स“ कार्यक्रममा सहभागी हुन नेपाल आएका १५० जनालाई संघले विशेष सम्मान गरेको थियो।

## १६ नियमित गतिविधि तथा संघसंस्थाहरुसँग सम्झौता

यस कार्यकालमा ७ वटा आइसीसी बैठक ( औसतमा ३ महिनामा एक बैठक), २० वटा आइइएस बैठक (औसतमा २ हप्तामा एक बैठक), नियमित रुपमा एनसीसीहरुको बैठक सम्पन्न भएका छन् । यस कार्यकालमा विभिन्न  १३ वटा संघसंस्थाहरुसँग सहकार्यको लागि सम्झौता भएको छ । यस सम्बन्धी सम्पूर्ण विवरण अनुसूचीमा उल्लेख छ ।

# १७ विभाग, समिति तथा कार्यदलहरु गठन

संघको गतिविधिहरुलाई सञ्चालन गर्न देहायअनुसारको विभाग, समिति तथा कार्यदलहरु गठन गरिएको थियो । यी समिति तथा कार्यदलहरुले आ-आफ्ना कार्ययोजना तयार गरी गतिविधिहरु सञ्चालन गरेका थिए। समिति तथा कार्यदलको गठन तपशिल अनुसार भएको थियो।

## 1 Flagship Projects – Presidents

1.1 Senior Care Project -Pashupati Bridashram_
1.2 One Province One Mobile Blood Bus Project
1.3 Rs 10 Billion Emerging Nepal Fund Taskforce
1.4 Smart Rest Room Projects - Metro Rest Room & Rural Area Girls Rest Room

## 2 Foreign Employment

2.1 Social Welfare of Migrant Workers Committee
2.2 Foreign Employment Relief Fund Committee
2.3 Cooperation with Gurkhas Taskforce

## 3 Welfare of NRNs

3.1 Continuation of Nepalese Citizenship Committee
3.2 NRNA Global Nepali Diaspora Integration Committee
3.3 Voting Right of NRNs
3.4 Constitutions 291 Dhara – Task Force

## 4 Trade and Investment

4.1 Trade & Investment Promotion Committee
4.2 Social Enterprenaurship Committee
4.3 Repartitions and Dual Taxation

## 5 Nepal Promotions

5.1 Tourism Promotion Nepal Committee
5.2 Language, Literature Committee
5.3 Promotion of Nepali Goods Abroad Committee
5.4 Culture & Heritage

## 6 Skill, Knowledge and Technology Transfer Department

6.1 Nepal Science Foundation Committee
6.2 Vocational Education Committee
6.3 Agriculture Promotion Committee
6.4 Health Committee
6.5 Blood Transfusion System Taskforce

## 7 Philanthropy and Humanitarian Assistance

7.1 One NCC One Charity Committee
7.2 Nepal Library Project Committee
7.3 Children Education Support Task Force

## 8 Women Department

8.1 Women Health and Education Committee
8.2 Women Empowerment and Leadership Committee
8.3 Women Enterprenureship

## 9 Youth Departments

9.1 Sports Academy Taskforce
9.2 Youth Empowerment, Leadership, health, and Education Committee
9.3 Second Generation Engagement Taskforce

## 10 Organization and Administration

10.1 Smart NRNA Committee
10.2 Project Planning and Adoptions Committee
10.3 Election Commission

10.4 Communication and Publication Committee
10.5 Judiciry and Disciplinary Comissions
10.6 Constitution Explanation Committee
10.7 Constitution Amendment Committee
10.8 Memberships and Delegates Management Committee

## 11 Policy Institute

## 12 Financial Sustainability

12.1 Fund Mobilization Committee
12.2 Foundation Preparatory Committee
12.3 Audit Committee
12.4 Finance Committee
12.5 Physical Infrastructure and Development Committee
12.5 Global membersÚ Benefit Campaign Committee

## 13 Supervision, Monitoring & Evaluation

## 14 Logistics Management

# १८ सारांश

अनेकौं चुनौतीका बाबजूद यस कार्यसमितिले अघि सारेका योजनाहरु नियमित रुपमै कार्यान्वयन भएका छन् । स्थापनाकालदेखिका मुद्दा सम्बोधन भएसँगै केही ऐतिहासिक उपलब्धि हासिल भएका छन् । गैरआवासीय नेपाली नागरिकता उल्लेख्य उपलब्धि हासिल भएको छ । वैदेशिक रोजगार तथा विदेशमा स्वरोजगारमा रहेकालाई सामाजिक सुरक्षा योजना लागू भएको छ। विदेशमा बस्ने नेपालीको मताधिकारको अधिकार सुनिश्चित भई ऐन निर्माणको चरणमा छ । धितोपत्रमा विदेशबाटै कारोबार गर्ने प्रक्रिया सुरु भएको छ । संघका नियमित बैठक, विशेष महाधिवेशन, विज्ञ सम्मेलन, एमआइएस प्रणाली अन्तर्गत सदस्यता वितरण, स्मार्ट एनआरएनए, अनलाइन भोटिङ, उम्मेद्वार दर्तामा शुल्क परिमार्जन, महिला तथा युवा पदका उम्मेद्वारलाई ७५ प्रतिशत छुट,  संस्थागत पुर्नसंरचना, संघभित्र आर्थिक अनुशासन, विभिन्न संघ-संस्था तथा दातृ निकायसँगको सहकार्य लगायतका क्षेत्रमा ऐतिहासिक महत्वका काम सम्पन्न भएका छन् । यसैगरी, नेपाल इन्भेष्टमेन्ट फण्डले कानूनी रुपमा विद्यमान विभिन्न उल्झनलाई सुल्झाउन महत्वपूर्ण प्रगति हासिल गरेको छ । एनआरएन फाउण्डेशनले नयाँ रुपमा काम अघि बढाएको छ भने सामाजिक सहकार्य योजना अघि बढीसकेको छ। संघका मेगा परियोजना, परोपकारी परियोजनासहित आर्थिक, सामाजिक, सांस्कृतिक लगायतका क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल भएको छ।

विगतमा गरिएका प्रतिबद्धताहरू कार्यान्वयन गराउन आ(आफ्नो स्थानबाट सहयोग गर्नुहुने नेपाल सरकार, राष्ट्रिय समन्वय परिषद, अन्तर्राष्ट्रिय समन्वय परिषद, संरक्षकहरु, सल्लाहकार, मानार्थ सदस्य, सञ्चार,  सचिवालयका कर्मचारी, पञ्जिकृत सदस्यहरुप्रति आभार तथा धन्यवाद व्यक्त गर्दछौं ।

# अनुसूची

## International Council Meetings held in the term of 2021-2023

| DATE | MEETING |
|---|---|
| March 28, 2022 | 84th ICC Meeting. |
| April 30, 2022 | 85th ICC Meeting. |
| August 27, 2022 | 86th ICC Meeting. |
| October 9, 2022 | 87th ICC Meeting. |
| January 7, 2023 | 88th ICC Meeting. |
| April 9, 2023 | 89th ICC Meeting. |
| July 9, 2023 | 90th ICC Meeting. |

## International Council Meetings held in the term of 2021-2023

| | |
|---|---|
| April 9, 2022 | 1st IES Meeting. |
| April 11, 2022 | 2nd IES Meeting. |
| June 26, 2022 | 3rd IES Meeting. |
| July 17, 2022 | 4th IES Meeting |
| August 14, 2022 | 5th IES Meeting. |

| | |
|---|---|
| August 21, 2022 | 6th IES Meeting. |
| September 9, 2022 | 7th IES Meeting. |
| September 22, 2022 | 8th IES Meeting. |
| October 1, 2022 | 9th IES Meeting. |
| December 4, 2022 | 10th IES Meeting. |
| December 28, 2022 | 11th IES Meeting. |
| January 31, 2023 | 12th IES Meeting. |
| February 12, 2023 | Joint Meeting with NCC Turkey. |
| March 10, 2023 | 13th IES Meeting. |
| April 30, 2023 | 14th IES Meeting. |
| May 21, 2023 | 15th IES Meeting. |
| May 29, 2023 | 16th IES Meeting. |
| June 15, 2023 | 17th IES Meeting. |
| June 18, 2023 | Informal IES Meeting. |
| August 6, 2023 | 18th IES Meeting. |
| August 12, 2023 | 19th IES Meeting. |
| September 3, 2023 | 20th IES Meeting. |

# Cooperation and MOU Singed In the term of 2021-2023

- The memorandum of Understanding (MOU) Signed between the Foreign Employment Board and Non-Resident Nepali Association on 17 June 2022.
- The memorandum of Understanding (MOU) Signed between social security fund Nepal on 21 July 2022.
- Non-Resident Nepali Association and Pokhara Metropolitan City signed agreement to construct smart restroom and Park in Pokhara on 4th January 2023
- A significant agreement was signed between three key entities: Non-Resident Nepali Association, The National Council of Children's Officers, and Underprivileged Children's Educational Programs (UCEP) Nepal on 26 May 2023, to provide guardianship to street children.
- The memorandum of Understanding "MOU" was singed between Non-Resident Nepali Association and "NEFTA" Film Award organizer on 21 April 2023.
- The agreement was signed on May 24, 2023, between Non-resident Nepali Association and Cynical Technology Pvt. Ltd.
- Non-Resident Nepali Association and Thaha Media group signed agreement on 03-04-2023.Non-Resident Nepali Association and Frontline Consult Pvt. Ltd signed an agreement on 03-04-2023.

# २०२१ - २०२३ को मुख्य गतिविधिहरुको झलक


















नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)




















NRNA
वैदेशिक रोज़गार, सामाजिक सुरक्षा, लगानी तथा वैदेशिक मुद्रा निक्षेप कार्यशाला
@NRNAOfficial
Passcode : 2022






११३ औं अन्तर्राष्ट्रिय नारी दिवस कार्यक्रम
NRNA
March
#EmbraceEquity
HAPPY WOMEN'S DAY
Meeting ID: 966 7381 9417
Passcode: 2023
12th March, 2023
15:00 onwards (Nepal Time)
@NRNAofficial




Milap
NRNA
YOUTH
KNOWLEDGE
WOMEN'S
9th
NRNA ASIA PACIFIC
REGIONAL
CONFERENCE
2022








1st NRN National Karate


NRNA
14th
NRNA
EUROPE REGIONAL MEETING-2022
Stockholm, Sweden
SEPTEMBER 24-25, 2022 | ROYAL PARK HOTEL
PARTNERSHIP
IN ACTION
for transformation...
KNOWLEDGE
YOUTH
WOMEN'S






गैर आवासीय नेपाली संघ
स्वास्थ्य सामाग्री हस्तान्तरण कार्यक्रम


Donated by




गैरआवासीय नेपाली संघ








#MakeInNepal
#PromoteLocalInnovation
NRNA
National Innovation Centre
ASSETS HANDOVER PROGRAM
TO NATIONAL INNOVATION CENTER FOR
KRISHI AUJAR KARKHANA LTD., BIRGUNJ
Date: 23rd Mar 2023
Venue: NRNA Hall Baluwatar
Mahabir Pun











पाँचौं सामाजिक सुरक्षा दिवसको
अवसरमा आयोजित कार्यक्रम






Annual General Meeting




NRNA
Annual General Meeting
NRN Day 2022 & Global Conclave
'Building the Trust'
Annual General Meeting, 2022
10th Oct, 2022 - NRNA Secretariat Hall




Annual General Meeting
NRN Day 2022 & Global Conclave
'Building the Trust'


Annual General Meeting
NRN Day 2022 & Global Concl
'Building the Trust'


Annual General Meeting
NRN Day 2022 & Global Conclave
'Building the Trust'









NRNA

Non-Resident Nepali Association